# दोर्दी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### शेरा, लमजुङ्ग
### गण्डकी प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७६/१०/१२ गते)**

दोर्दी गाउँपालिका चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अन्र्तगत रही मोटरसाइकल खरिद गर्नु पर्ने भएकोले यो दरभाउपत्र सुचना प्रकाशित गरिएको छ । सूचनामा तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ । दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी लागी यस कार्यालयको सूचनापाटी तथा कार्यालयको वेभ साईट www.dordimun.gov.np हेर्न सकिने तथा कार्यालय समय भित्र यस गाउँ कार्यपालिका कार्यालयको खरिद शाखामा सम्पर्क राख्न सकिनेछ । कामको विवरण यस प्रकार छ ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.कर समेत ) | धरौटी रकम रु. | दरभाउ पत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| खरिद/०२/०७६/०७७ | दोर्दी गाउँपालिकाको कार्यालयका लागि ३ थान मोटरसाइकल खरिद (प्राविधिक स्पेशिफिकेशन अनुसार ) | रु.७६५०००।०० | ३८२५०।० | १०००।० |
| खरिद/०३/०७६/०७७ | दोर्दी गाउँपालिकाको कार्यालयका लागि १ थान स्कुटर खरिद ( प्राविधिक स्पेशिफिकेशन अनुसार ) | रु.१९४०००।०० | ९७००।० | १०००।० |

**क. शर्तहरु :**

१। दरभाउपत्र सुचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र दोर्दी गाउँपालिकाको कार्यालयको, शेराबाट खरिद गर्न सकिनेछ । खरिद भएका दरभाउपत्रहरु १६ औं दिन अपरान्ह १२:०० बजे भित्र गाउँपालिका कार्यालयमा दर्ता गर्नुपर्ने छ । दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको १:०० वजे खोलिनेछ ।

२। दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको ग्लोबल आइएमइ बैक, दोर्दी शाखामा रहेको आन्तरिक आय खाता नं. Q104010000003 मा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसीद, नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाण आदिको नोटरीबाट प्रमाणित गराएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छ । दरभाउपत्रदाताले खामको बाहिर पट्टि ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

३। ठेक्का लिन चाहने इच्छुक फर्मले धरौटी बापत कबोल अंकको कम्तीमा ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापतको रकम यस दोर्दी गाउँपालिकाको कार्यालयको, नाममा रहेको ग्लोबल आइएमइ बैकको चल्ती हिसाव नं.Q104010000002 धरौटी खातामा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा "क" वर्गको बाणिज्य बैकबाट जारी गरेको कम्तीमा १२० दिन अवधिको विडबण्डको सक्कल प्रति पेश गरेको हुनुपर्नेछ ।

४।दरभाउपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्र फिर्ता तथा संसोधन हुने छैन्न ।

५। दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

६। रितपूर्वक दाखिला भएका दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहतिको दरभाउपत्र स्विकार्य हुने छैन ।

७। प्रचलित नियमानुसार कालासूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

८। ठेक्का सुचना बमोजिम प्रतिस्पर्धामा भाग लिन इच्छुक फर्म/व्यवसायीलाई सहभागी हुन नदिने गरी कसैले छेकथुन गरेमा, मिलेमतो गरी सिमित प्रतिस्पर्धा गरेको पाइएमा पुन सुचना गर्न सकिनेछ ।

९। ठेक्का अवधी : बढीमा २०७६/११/३० सम्म हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

शम्सेर गुरुङ
प्रमुख प्रशासकीय अधिकृत